Cover the Uncovered

Intellectual Journal of Academic Research
Volume 02, Issue 01, 2024, pp. 93–100
OPEN ACCESS

Research Article

# चुली उपन्यासमा सांस्कृतिक पर्यावरण

जगतमणि सोती

उप-प्राध्यापक, चौतारा बहुमुखी क्याम्पस, सिन्धुपाल्चोक, नेपाल

Intellectual Journal of Academic Research (ISSN: 3021-906X) Copyright © 2024 The Author(s): Published by Myanglung Campus Terhrathum, Nepal. Distributed under the terms of the Creative Commons Attribution 4.0 International License (CC BY-NC 4.0)

## Artical Info.

***Corresponding Author***
Jagatmani Soti
Assistant Professor, Chautara Multiple Campus, Sindhupalchok, Nepal

***E-mail***
sotijagatmani@gmail.com

***Date of Submission***
April 14, 2024

***Date of Acceptance***
June 29, 2024

## Abstract (सार)

प्रस्तुत लेख उपन्यासकार सरुभक्तद्वारा लिखित चुली उपन्यासमा प्रयुक्त पर्यावरणीय संस्कृतिको विश्लेषणमा केन्द्रित रहेको छ। पर्यावरणीय अध्ययन खासगरी उत्तरआधुनिक युगमा विकसित अन्तर्विषयक समालोचना पद्धति हो । पर्यावरणीय अध्ययनका विविध क्षेत्रहरुमध्ये संस्कृति पनि एक हो। चुली उपन्यासमा विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहणमा संलग्न आरोहीको अनुभवलाई मुख्य विषयवस्तु बनाइएको छ । यस उपन्यासमा हिमाली सभ्यता, संस्कृति, सौन्दर्य, पर्यावरण र सार्वभौमिकता जस्ता कुराहरुलाई विशेष महत्व प्रदान गरिएको छ। हिमाली सभ्यता र संस्कृति तथा धार्मिक आस्था र विश्वासलाई सांस्कृतिक पर्यावरणका रुपमा स्थापित गरिएको यस उपन्यासमा पर्यावरणीय सौन्दर्य चेतनालाई समेत विशेष महत्व प्रदान गरिएको छ। चुली उपन्यासमा प्रयुक्त सांस्कृतिक पर्यावरणको पहिचान कसरी गर्न सकिन्छ भन्ने प्राज्ञिक जिज्ञासाको समाधान गर्नु नै यस लेखको मुख्य उद्देश्य हो । यस लेखलाई पर्यावरणीय समालोचनाका विविध विषय क्षेत्रहरुमध्ये सांस्कृतिक पर्यावरणको अध्ययनमा सीमित गरिएको छ । निगमनात्मक विधिको प्रयोग गरी तयार पारिएको यस लेखमा प्राथमिक र दितीयक दुबै स्रोतका सामग्रीहरुको प्रयोग गरिएको छ। पर्यावरणीय समालोचनाको सैद्धान्तिक मान्यतामा आधारित भएर तयार पारिएको यस लेखमा पर्यावरणीय संस्कृतिलाई अध्ययनको केन्द्रक बनाइएको छ। चोमोलोङ्मा देवी, भोटे चिया, जुङ्ता र अन्य मानवीय सम्बन्धका सन्दर्भहरुलाई आधार मानेर विश्लेषण गर्दा चुली उपन्यास सांस्कृतिक पर्यावरणका दृष्टिले उपयुक्त रहेको निष्कर्ष प्राप्त भएको छ।

**शब्दकुञ्जी** : चोमोलोङ्मा, जुङ्ता, भोटेचिया, पर्यावरण र संस्कृति

**Cite:** Soti, J. (2024). चुली उपन्यासमा सांस्कृतिक पर्यावरण. *Intellectual Journal of Academic Research, (IJAR), 2*(1), 93–100. https://doi.org/10.3126/ijar.v2i1.72811

## विषय परिचय

'चुली' उपन्यासका रचनाकार सरुभक्त श्रेष्ठ हुन् । यसको प्रकाशन वि.सं २०६० मा भएको हो । यस उपन्यासमा हिमाली संस्कृति र पर्यावरणको यथार्थ चित्रण गरिएको छ । विश्वको सर्वोच्च शिखर सगरमाथाको आरोहणसँग सम्बन्धित घटनालाई मुख्य विषय बनाइएको छ। त्यसक्रममा हिमाल आरोहणका चुनौतीहरू, आरोहीको साहसिकता एवं अनुभवलाई उपन्यासकारले जीवन सञ्चालनको प्रक्रियासँग जोडेर हेरेका छन्। हिमाल आरोहण गर्नेहरूमध्ये थोरै व्यक्तिहरू मात्र चुलीमा पुग्न सफल भएजस्तै पृथ्वीको इतिहासमा एक युगमा एक–दुई जनाले मात्र मानवताको चुली टेक्न सके ईश्वरको कल्पना गरिरहनु पर्दैन भन्ने तर्क उपन्यासमा प्रस्तुत गरिएको छ । पर्यावरणीय अध्ययन खासगरी यस पृथ्वीको वातावरणीय सन्तुलन कायम गरी हरेक प्राणी र वनस्पतिको अस्तित्त्व रक्षा गर्ने विषयसँग सम्बन्धित छ । साहित्यमा पर्यावरणीय अध्ययन भन्नाले जैविक र भौतिक वातावरण बीचको सम्बन्धको खोजी गरी हरेक वस्तुको प्राकृतिक पहिचानको संरक्षणमा ध्यान दिनु भन्ने बुझिन्छ। पर्यावरणमा स्थानीयता, लैङ्गिकता, भाषिकता, जातीयता, सांस्कृतिकता, धार्मिकता र नैतिकता जस्ता विविध पक्षहरू समावेश भएका पाइन्छन्। पर्यावरणीय समालोचना पाश्चात्य समालोचना परम्परामा सन् १९८९ देखि विकसित भएको हो । यसको औपचारिक सुरुवातकर्ता चेरिल ग्लोटफेल्टी हुन्। पर्यावरणीय समालोचनाले साहित्यिक कृति र त्यसमा प्रयुक्त प्राकृतिक वातावरणबीचको अन्तर्सम्बन्धको खोजी गर्दछ। पर्यावरणीय अध्ययनभित्र प्रकृति मात्र नभएर मानव र मानवजन्य क्रियाकलाप तथा ऐतिहासिक मिथकीय बिम्बहरू पनि पर्दछन् । साहित्यको विश्लेषण गर्ने विभिन्न सिद्धान्तहरूमध्ये पर्यावरणीय सिद्धान्त पनि एक हो । यसले साहित्यिक कृतिमा पर्यावरणीय पक्षलाई कसरी समेटिएको छ भन्ने विषयमा अध्ययन गर्दछ। पर्यावरणका विविध क्षेत्रहरूमध्ये संस्कृति पनि एक हो । यो मूलतः मानवीय आचरण र व्यवहारसँग सम्बन्धित छ। पर्यावरणीय संस्कृतिभित्र भाषा, धर्म, पेशा, जातजाति, खानपान, रहनसहन, विचार र दैनिक व्यवहारजस्ता कुराहरू पर्दछन् । अतः प्रस्तुत अध्ययन उपन्यासकार सरुभक्तद्वारा लिखित चुली उपन्यासमा प्रयुक्त सांस्कृतिक पर्यावरणको खोजी गर्ने विषयमा केन्द्रित रहेको छ।

## समस्या कथन

चुली उपन्यासमा हिमाली आरोहणको प्रङ्गलाई मुख्य विषयवस्तु बनाइएको छ। हिमाल आरोहीका अनुभव र अनुभूतिलाई समेटेर तयार पारिएको यस उपन्यासमा हिमाली सौन्दर्य तथा संस्कृतिको यथार्थ प्रतिबिम्बन गरिएको छ ।सांस्कृतिक पर्यावरण शीर्षकको यस लेखमा खासगरी चुली उपन्यासमा प्रयुक्त सांस्कृतिक पर्यावरणको पहिचान कसरी गर्न सकिन्छ भन्ने कुरालाइ मुख्य समस्या बनाइएको छ । उक्त समस्यालाई निम्नलिखित प्रश्नावालीबाट थप स्पष्ट पारिएको छ।

क) चुली उपन्यासमा कस्तो हिमाली संस्कृतिको प्रयोग गरिएको छ ?

ख) चुली उपन्यासमा प्रयुक्त सांस्कृतिक पर्यावरणको पहिचान कसरी गर्न सकिन्छ ?

## अध्ययनको उद्देश्य

प्रस्तुत लेख उपन्यासकार सरुभक्तद्वारा लिखित चुली उपन्यासमा प्रयुक्त सांस्कृतिक पर्यावरणको खोजी गर्ने विषयसँग सम्बन्धित रहेको छ। सांस्कृतिक पर्यावरण पर्यावरणीय अध्ययनको एउटा महत्वपूर्ण विषयक्षेत्र हो । संस्कृति देश,काल र भूगोल सापेक्ष हुन्छ । संस्कृतिभित्र मानवीय भावना र सम्बन्धहरु पनि पर्दछन्। चुली उपन्यासमा हिमाली सभ्यता र संस्कृतिको परिचय र पहिचान तथा मानवीय आचरण र व्यावहारका विषयमा समेत चर्चा गरिएको छ । अतः चुली उपन्यासमा प्रयुक्त सांकृतिक पर्यावरणको खोजी कसरी गर्न सकिन्छ भन्ने प्राज्ञिक जिज्ञासाको निरूपण गर्ने कार्यलाई नै यस अध्ययनको प्रमुख उद्देश्य बनाइएको छ। उक्त उद्देश्यलाई निम्नलिखित बुँदाहरूबाट थप स्पष्ट पार्न सकिन्छ :

क) चुली उपन्यासमा प्रयुक्त हिमाली संस्कृतिको पहिचान गर्ने,

ख) चुली उपन्यासमा प्रयुक्त संस्कृति र मानव सम्बन्धको खोजी गर्ने।

## अध्ययन विधि

अध्ययन विधि अन्तर्गत सामग्री सङ्कलन विधि र विश्लेषण विधि पर्दछन् । प्रस्तुत लेखमा खासगरी पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरी आवश्यक सामग्रीको सङ्कलन र विश्लेषण गरिएको छ। त्यसक्रममा प्राथमिक स्रोत सामग्रीका रूपमा सरुभक्तद्वारा लिखित चुली

उपन्यास तथा द्वितीयक स्रोत सामग्रीका रूपमा पर्यावरणीय साहित्य समालोचना र सिद्धान्तसँग सम्बन्धित भएर गरिएका पूर्वकार्यहरूलाई उपयोग गरिएको छ। अध्ययनलाई सार्थक तुल्याउन विवेच्य कृतिको विश्लेषणका सन्दर्भमा सांस्कृतिक पर्यावरणको सैद्धान्तिक मान्यतामा आधारित भएर निगमनात्मक विधिको प्रयोग गरिएको छ।

## अध्ययनको सीमाङ्कन

उपन्यासकार सरुभक्तको चुली उपन्यासलाई साहित्य समालोचनामा प्रचलित विभिन्न सिद्धान्तहरूको प्रयोग गरी अध्ययन विश्लेषण गर्न सकिन्छ । प्रस्तुत अध्ययन पर्यावरणीय साहित्य समालोचनासँग सम्बन्धित छ । अतः पर्यावरणीय समालोचना सिद्धान्तले अगाडि सारेका कृति विश्लेषणका विभिन्न आाधरहरूमध्ये सांस्कृतिक पर्यावरणको दृष्टिकोणबाट मात्र चुली उपन्यासको अध्ययन विश्लेषण गर्नु नै यस लेखको सीमा हो।

## सैद्धान्तिक स्वरूप

पर्यावरणीय समालोचना उत्तरआधुनिक युगमा विकसित कृति विश्लेषणको एउटा महत्त्वपूर्ण आधार हो । यसले साहित्य, संस्कृति र प्राकृतिक वातावरणबीचको अन्तर्सम्बन्धका विषयमा अध्ययन गर्दछ । पर्यावरणीय समालोचना विज्ञान, संस्कृति, साहित्य र प्रकृतिजस्ता भिन्न विषयहरूमा आधारित भएकाले यसलाई अन्तर्विषयक समालोचना वा बहुलवादी सिद्धान्त पनि भनिन्छ । पर्यावरणीय समालोचना पाश्चात्य समालोचना परम्परामा सन् १९८९ देखि विकसित भएको सिद्धान्त हो । यस समालोचनाको औपचारिक सुरुवातकर्ता चेरिल ग्लोटफेल्टी हुन्। उनीद्वारा सन् १९८९ को विश्व साहित्य सम्मेलनमा प्रस्तुत अवधारणालाई अमेरिकाको ओरेगन विश्वविद्यालयले मान्यता दिएपछि पर्यावरणीय समालोचनाको सुरुवात भएको हो । पर्यावरण समग्र पारिस्थितिक पद्धतिसँग सम्बन्धित छ । यही पारिस्थितिक पद्धतिको समग्र रूप वातावरण हो र वातावरणलाई बुझाउन 'पर्यावरण' पारिभाषिक शब्दको प्रयोग भएको पाइन्छ। अतः पारिस्थितिक पद्धति अन्तर्गत आउने जैविक प्रक्रियाहरूको समष्टी रूप नै पर्यावरण हो (ग्लोटफेल्टी, १९९६: XIX) । यसबाट पर्यावरणीय समालोचनाको क्षेत्र निकै फराकिलो रहेको कुरा स्पष्ट हुन्छ। यसले प्रकृतिलाई केन्द्रमा राखी मानवीय सम्बन्धको खोजी गर्ने काम गर्दछ। जसरी मार्क्सीय समालोचनाले उत्पादनको प्रक्रिया र आर्थिक श्रेणीका बीचको अध्ययन गर्दछ, त्यसैगरी पर्यावरणीय समालोचनाले साहित्य अध्ययनमा पृथ्वी केन्द्रित पद्धति अँगाल्छ भन्ने धारणा नेपाली साहित्य समालोचक गोविन्दराज भट्टराइको रहेको छ।

पर्यावरणीय समालोचनाले प्राकृतिक विज्ञान, वातावरणीय अध्ययन, सांस्कृतिक र सामाजिक अध्ययनलाई पनि यथास्थान उपयोग गर्दछ । वास्तवमा पर्यावरणीय समालोचकहरूले साहित्यलाई पर्यावरणमैत्री दृष्टिकोणबाट अध्ययन गर्दछन् (एटम, २०७०: ३१२) । प्राँकृतिक जगत्को प्रतिनिधित्व गर्दा साहित्यमा देखापरेका पर्यावरणीय मुद्दाहरूलाई पनि उपयोग गर्दछन् र मानवले मानवेतर प्रकृतिसित गर्ने व्यवहार एवम् दिने नैतिक प्रतिष्ठाबारे समालोचना गर्दछन् । वातावरण वा पर्यावरण मानिसद्वारा निर्मित कृत्रिम पनि हुने गर्छ तर पर्यावरणीय समालोचनाले प्रकृति प्रदत्त वातावरणको मात्र अध्ययन गर्दछ । अतः यही प्रकृति प्रदत्त वातावरणको संयुक्त रूप नै पर्यावरण हो (कुप, सन् २००४: ४) । पर्यावरण समग्र पारिस्थितिक पद्धतिसँग सम्बन्धित छ । पारिस्थितिक पद्धतिअन्तर्गतको समग्र जैविक पक्षको उपस्थिति साहित्यमा हुने गर्दछ। जैविक पक्ष अन्तर्गत मानिसले निर्माण गरेको संस्कृति पनि आउँछ। त्यस्तो संस्कृतिलाई वातावरणभित्र समेट्न सकिन्छ।

संस्कृति र वातावरणको संयुक्त उपस्थिति पर्यावरणमा हुने गर्दछ । यही उपस्थितिलाई साहित्यकारले आफ्ना साहित्यमा अङ्कन गरेमा त्यो पर्यावरणीय साहित्य बन्न पुग्छ । त्यसकै विश्लेषणका लागि पर्यावरणीय समालोचनाको उपयोग गरिन्छ (केरिज, सन् २००६: ७१) । यसर्थ पर्यावरण मानवीय अस्तित्त्व र प्राकृतिक सन्तुलन कायम गर्नको लागि आवश्यक छ। वातावरणमा मान्छेले नबनाएका डाँडाकाँडा, समतल मैदान, लेक, हिमाल आदि भौगोलिक घटक, चिसोतातो, हुस्सू, कुहिरो, तुवाँलो आदि जलवायु र लतावृक्ष, जन्तु जनावर, चराचुरुङ्गी, कीटपतङ्ग लगायत स्थावर, जगम तथा जलचर, थलचर, नभचर सबै पर्दछन् (गौतम, २०६४: २४६) । पर्यावरणीय साहित्यिक चिन्तनले मानव र प्रकृतिका बीचको अभिन्न सम्बन्धलाई निरूपण गर्दछ । कुनै पनि कृतिमा निहित भौगालिक, सामाजिक, सांस्कृतिक आर्थिक लगायतका मानवीय पक्षसँग सम्बन्धित कुराहरूको अध्ययन गर्ने एउटा

गहन विषयका रूपमा पर्यावरणीय समालोचना स्थापित छ । अतः यस अध्ययनमा पर्यावरणको एउटा महत्त्वपूर्ण पक्ष सांस्कृतिक पर्यावरणको आधारमा चुली उपन्यासमा प्रयुक्त हिमाली संस्कृति र मानवसम्बन्धको खोजी गरिएको छ।

## चुली उपन्यासको विश्लेषण

'चुली' उपन्यास विश्वको सर्वोच्च शिखर सगरमाथा र त्यसको आरोहणको सन्दर्भलाई आधार बनाएर लेखिएको पर्यावरणीय कृति हो। यसमा हिमाली सभ्यता र संस्कृतिको पर्यावरण समेटिएको छ। ऊ नाम गरेको तृतीय पुरुष पात्र यस उपन्यासको नायक हो। उसकै केन्द्रीयतामा उपन्यासको कथानक अगाडि बढेको छ। यहाँ चुलीलाई सफलताको प्रतीकका रूपमा चित्रण गरिएको छ। सगरमाथा आरोहण गर्ने अन्य आरोहण दलका सदस्य, भरिया र गाइडहरू यस उपन्यासमा गौण पात्रको भूमिकामा उपस्थित देखिन्छन्। मानवेतर पात्रको रूपमा कुकुर र मिथकीय बिम्बका रूपमा भूत यस उपन्यासमा आएका छन्। उपन्यासमा सगरमाथाको आधार शिविरदेखि चुली पुग्दा र चुलीबाट ओर्लदासम्मका 'ऊ' पात्रका अनुभव र अनुभूतिलाई समेटिएको छ। नेपाली साहित्यमा सगरमाथा आरोहण र हिमाललाई मुख्य विषय बनाई लेखिएको यो पहिलो कृति हो। "हामीकहाँ हिमाल धेरै छन् तर हिमाल र हिमाल आरोहण सम्बन्धी साहित्य त्यति छैनन्" भन्ने लेखकीय भूमिकाबाट पनि लेखकले सचेत रूपमा हिमालको महत्त्वलाई उजागर गर्नको लागि यो उपन्यास रचना गरेको कुरा स्पष्ट हुन्छ। अतः यसले हिमाली सभ्यता, संस्कृति र मानवीय सम्बन्धलाई पर्यावरणीय दृष्टिकोणबाट कसरी हेरेको छ भन्ने कुरालाई आधार बनाएर यहाँ चुली उपन्यासको विश्लेषण प्रस्तुत गरिएको छ।

### चुली उपन्यासमा प्रयुक्त हिमाली संस्कृति

पर्यावरणको एउटा पक्ष महत्त्वपूर्ण संस्कृति पनि हो। चुली उपन्यासमा हिमाली सभ्यता, सस्कृति र पर्यावरणको सन्दर्भलाई उल्लेख गरिएको छ। यस उपन्यासको प्रमुख पात्र ऊ सगरमाथाको आरोहण गर्ने उच्च अभिलाषाका साथ सगरमाथाको आधार शिविरमा पुगेको छ। उसले त्यहाँ सुन्दर गुराँसघाँटीका सुन्दर गुराँसहरूको बास्ना सुँघेर मनमनै गरेको कल्पना र व्यवहारलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

'बेसक्याम्पमा त मेलै रहेछ। कति धेरै मान्छे, कति धेरै तम्बू अनि कति धेरै ....... ।' ऊ सर्वत्र आँखा घुमाई लहप्साङ (पूजास्थल) मा टिकाउँछ अनि रङ्गीविरङ्गी ध्वजा–पताका–जुङ्ताहरूमा टिकाउँछ, जुन चिसो हावामा बेतोडले फरफराइरहेका हुन्छन् (चुली, पृ. १)।

माथिको साक्ष्यमा सगरमाथा आधार शिविरमा हिमाल आरोहीहरूको भीड लाग्नाले त्यहाँ साँच्चिकै मेला लागेको जस्तो अनुभूति यस उपन्यासको प्रमुख पात्र ऊ अर्थात् हिमाल आरोहीले गरेको छ। साथै उसले हिमाली संस्कृतिमा प्रचलित लहम्साङ अर्थात् पूजा स्थलमा आँखा पुऱ्याएर त्यहाँका रङ्गीचङ्गी ध्वजा पताकाहरू चिसो हावामा बेतोडले फरफराइरहेको दृश्यको एकोहोरो रूपमा अवलोकन गरेको छ। यसबाट हिमाली संस्कृति र सौन्दर्यको पर्यावरण झल्किएको कुरा स्पष्ट हुन्छ।

यस उपन्यासमा हिमाली क्षेत्रमा बसोबास गर्ने भोटे र शेर्पा जाति एवम् उनीहरूको जीवन पद्धतिलाई प्राथमिकताका साथ उठाइएको छ। धार्मिक रूपमा बुद्ध धर्म र त्यससँग सम्बन्धित सांस्कृतिक पक्ष उपन्यासमा आएको छ। सगरमाथालाई सांस्कृतिक प्रतिबिम्बका रूपमा स्वीकार गरी चोमोलोङ्माका रूपमा श्रद्धा र सम्मान व्यक्त गर्ने शेर्पा र भोटे जातिको पवित्र संस्कृतिलाई पनि उपन्यासमा प्रस्तुत गरिएको छ। हिमाल आरोहीहरूले आफ्नो आरोहण सफल होस् भन्नका लागि प्राकृतिक देवत्वको रुपमा हिमाली देवताको पूजा गर्ने गरेको तथा हिमाली बासिन्दा र भरियाहरूले समेत प्रत्येक आरोहीको आरोहण सफलताको कामना गर्ने गरेको तथ्यलाई पनि यस उपन्यासमा प्रस्तुत गरिएको छ :

भोलिपल्ट बिहान ऊ भरिया साथीहरूसँगै लहप्साङमा जान्छ अनि खुसी खुसी खादा चढाउँछ । परपरका अभियान दलका तम्बू बाहिर निस्केका भरिया गाइडहरूले देखासिकीमा हात हल्लाई हल्लाई खुसी व्यक्त गर्छन्। केही गोराहरूले देखासिकीमा हात हल्लाँछन् र ऊ पनि सबैलाई हात हल्लाइदिन्छ (चुली, पृ. १२)।

यहाँ हिमाल आरोहण गर्ने प्रत्येक आरोहीले हिमाली देवताको गुम्बा अर्थात् बुद्धको पूजा आरधना गर्ने पवित्र स्थलमा गएर आफ्नो आरोहरण सफलताको कामना गर्ने संस्कृति भेटिएको छ। सोही बमोजिम ऊ पात्र पनि आफ्ना भरिया साथीहरूसँगै लहप्साङमा गएर देवतालाई खादा चढाएर खुसी व्यक्त गरेको तथा अन्य आरोही दलका मानिस र केही विदेशी पर्यटकहरूले समेत हात हल्लाएर उसको सफलताको कामना गरेको कुरालाई सांस्कृतिक प्रतिबिम्ब एवं पर्यावरणीय सौन्दर्यका रूपमा उपन्यासमा प्रस्तुत गरिएको छ।

सगरमाथाको चुलीमा पुगेर फर्कन अठोट गरी हिमाल आरोहणको यात्रामा एक्लै निस्केको ऊ पात्र मौसम प्रतिकूल हुँदा समेत आफ्नो उचाईको यात्रामा विराम लगाउने पक्षमा देखिँदैन। उसका भरिया साथीहरूले केही दिन धैर्य गरी बस्न गरेको आग्रहलाई समेत बेवास्ता गरी ऊ आफ्नो अबिराम यात्रामा निस्कने अठोट गर्दछ। उसको शाहसिक यात्राको अठोट र आत्मविश्वास देखेर उसका भरिया साथीहरू लहप्साङमा गएर प्रार्थना गरी भन्छन् :

"तपाईको यो ठूलो काम सफल होस्। चोमोलोङ्माकी देवीले राम्रो गर्छ–गर्छ" (चुली, पृ. १३)।

यस साक्ष्यमा हिमालकी देवीले अर्थात् सगरमाथाकी देवीले तपाईको यात्राको सफलताको लागि शुभकामना अर्थात् आशिर्वाद प्रदान गरुन् भन्ने खालको भाव भरियाहरूले ऊ पात्र समक्ष प्रस्तुत गरेका छन्। साथै हिमाली संस्कृतिका रूपमा चोमोलोङमा देवीको शक्ति र महिमाको चर्चा गरिएको छ। दैवी कृपा, प्रार्थना र हिमाली पर्यावरणको चर्चा गरिएको हुँदा यहाँ पनि हिमाली संस्कृति र पर्यावरणको स्पष्ट सङ्केत देखा परेको छ।

हिमाल आरोहरणको अबिराम यात्रामा निस्केको यस उपन्यासको प्रमुख पात्र ऊ शारीरिक, मानसिक र आत्मिक रूपमा पनि सगरमाथाको चुलीमा पुगेर फर्कने कुरामा दृढ छ। उसले आफ्नो यात्रामा देखा परेका हरेक चुनौतीको सहज सामना गरेको छ। साथै चुनौतीलाई एउटा महत्त्वपूर्ण आकर्षण र अवसरको रूपमा ग्रहण गरेको छ। उपन्यासमा सभ्यता संस्कृति र मनुष्यताको प्रतीकको रूपमा हिमाललाई हेरिएको छ। यसै सन्दर्भमा ऊ पात्रले यस्ता तर्क प्रस्तुत गरेको छ :

ऊ सोच्छ – बुद्ध एक हिमाल हो, कृष्ण एक हिमाल हो, यसु एक हिमाल हो, महावीर एक हिमाल हो, मोहम्मद एक हिमाल हो। सुकरात, कन्फ्युसियस, लाओत्सु हिमाल हुन्। मार्क्स, डार्बिन, फ्राइड हिमाल हुन्। हिमाल अरु पनि छन्। जीवनमा कोही हिमाल चढेर आफै हिमाल बन्छन्। कोही दलदलमा फसेर आफै दलदल बन्छन् (चुली, पृ. २३)।

यस साक्ष्यमा बुद्ध, कृष्ण, यसु, महावीर र मोहम्मद जस्ता व्यक्तिहरुले आफ्नो जीवनको साहसिक यात्रालाई पूर्ण गरेको कारण उनीहरु हिमाल जस्तै उच्च र सम्मानित छन्। त्यस्तै सुकरात, कन्फ्युसियस, लाओत्सु, मार्क्स, डार्विन र फ्राइड जस्ता दार्शनिक एवम् वैज्ञानिकहरुले पनि आफ्नो जीवन दर्शन प्रस्तुत गरेर विश्वमा परिचित भएका छन्। त्यसैले उनीहरुले जीवनको उच्चता र सफलताको चुली चुमिसकेका छन्। यस अर्थमा उनीहरु सबैलाई धार्मिक आस्था र विश्वास एवम् दार्शनिक विचार र धारणाका आधारमा हिमालसँग तुलना गरिएको छ। साथै थोरै व्यक्तिहरु मात्र इतिहासमा महान् बन्ने र अन्य धेरै मानिसहरु दलदलमा फँसेर नै हराउने गरेको वास्तविक सत्यलाई उजागर गरिएको छ। अतः यहाँ धार्मिक, सांस्कृतिक, राजनीतिक, वैज्ञानिक र दार्शनिक पक्षको उद्घाटन गरी मानवलाई सफलताको चुली चुम्न र हिमाल जस्तै अटल रहन आग्रह गरिएको छ।

यस उपन्यासमा हरेक जातिको आ–आफ्नै खालको सांस्कृतिक प्रचलन र परम्परा हुने गरेको कुरालाई स्पष्ट पारिएको छ। साथै संस्कृति हरेक जाति, समुदाय, क्षेत्र, भूगोल र धर्मको हुने कुरालाई पनि स्वीकार गरिएको छ। यसै सन्दर्भमा शेर्पा जातिहरूको भूत सम्बन्धी मीथकलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

ऊ आधार शिविरमा भरिया साथीहरूबाट सुनेको 'शेर्पा' भूतको कथा सम्झन्छ। धेरै नै वर्ष पहिले यहाँ एक शेर्पा माथिबाट खसेर ठूलो हिमचट्टानले पुरिई मरेको थियो अरे। उसको भूत यहाँ राती तम्बू वरिपरि घुम्छ र कहिलेकाहीँ त बोलाउँछ पनि अरे। त्यसैले शेर्पाहरू यहाँ बस्न विशेष गरी रात बिताउन मन पराउँदैनन् अरे (चुली, पृ. २५)।

प्रस्तुत साक्ष्यले हिमालमा बस्ने शेर्पा जातिहरूमा समेत पहाड र मैदानमा बस्ने मानिसहरूको जस्तै भूतसम्बन्धी कुरामा विश्वास रहेको कुरालाई स्पष्ट पारेको छ। हिमालमा शेर्पाहरू आफ्नो जातिको मानिस मरेको कारण भूत आएर तर्साउने भएकाले सगरमाथाका आधार शिविरहरूमा रात बिताउन मन नपराउने गरेको तथ्य र रहस्यको उद्घाटन गरिएको छ। यसबाट हिमाली सभ्यता र संस्कृतिमा प्रचलित भूतप्रेत सम्बन्धी मिथकीय बिम्ब र हिमाली सौन्दर्यात्मक पर्यावरणको चित्रणमा यो उपन्यास सफल देखिएको कुरा स्पष्ट हुन्छ।

यसरी प्रस्तुत उपन्यासभित्र उपन्यासकारले ऊ पात्रको केन्द्रीयतामा रहेर हिमाली सभ्यता, संस्कृति र परम्परा हिमाली क्षेत्रमा बसोबास गर्ने शेर्पा र भोटे जातिको

धार्मिक, सांस्कृतिक पहिचान एवं उनीहरूको रहनसहन र जीवनशैलीको विषयमा स्पष्ट पारेका छन्। साथै ऊ पात्रको हिमाल आरोहण सम्बन्धी शाहसिक यात्राको माध्यमबाट हिमाली सौन्दर्य र पर्यावरणको कलात्मक चित्रण गरिएको छ। अतः यो उपन्यास हिमाली संस्कृति र पर्यावरणीय सौन्दर्यका दृष्टिले उपयुक्त खालको छ।

**चुली उपन्यासमा प्रयुक्त संस्कृति र मानव सम्बन्ध**

संस्कृति मानव निर्मित विषय हो। मानव निर्मित संस्कृतिभित्र सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, धार्मिक, जातिगत, भाषिक एवं भौगोलिक र पेशागत पक्षहरू समेटिएका हुन्छन्। चुली उपन्यास हिमाली संस्कृति र पर्यावरणमा केन्द्रित रहेकाले यसभित्र प्रशस्त मात्रामा संस्कृति र मानव सम्बन्धका पक्षहरू जोडिएर आएका छन्। यस उपन्यासमा हिमाल आरोहणको सन्दर्भलाई प्रमुख विषय बनाइएको छ। हिमाल आरोहणका क्रममा आरोहण दलका सदस्यहरूले आफ्नो सहयोगीका रूपमा गाइड र भरियाहरूको प्रयोग गर्ने गरेको वस्तु यथार्थलाई पनि यस उपन्यासमा प्रकट गरिएको छ। साथै भरियाहरूको जिन्दगी, उनीहरूको सपना र चाहनालाई आर्थिक संस्कृति र मानवीय सम्बन्धका आधारमा उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

फेरि अर्को एक भरिया भन्छ – "आफ्नो त गाँठे छोर्छोरी पढौने धोको छ। आफूले पढ्न भनेसि पाउँदै पाइएन। भरियाकै जुनी बित्यो। अब छोर्छोरीलाई यो जुनीबाट अल्लि माथि उठाम् भनेर 'ला' को, सक्किएला जस्तो छैन। यसपालि जाडाले ह्यैं मरिन्छ कि क्या" (चुली, पृ. ४)।

माथिको साक्ष्यमा हिमालमा बसोबास गर्ने शेर्पा जातिका मानिसहरूले भरियाकै रूपमा काम गरेर आफ्नो जीवन सञ्चालन गर्ने गरेको तथ्यलाई स्पष्ट पारेको छ। यसबाट उनीहरूको पेशागत पहिचान झल्किएको छ। साथै उनीहरूको पेशासँग आर्थिक पारिवारिक सम्बन्ध र दायित्व पनि सँगसँगै जोडिएर आएको छ। छोराछोरीलाई पढाउँने र आफ्नो पारिवारिक जीवनस्तरलाई अलि माथि उकास्ने भरियाको सोच आम मानिसको सोच जस्तै सामान्य खालको देखिन्छ। यसबाट हिमाली पर्यावरणमा जीवन यापन गर्ने भरियाहरूको संस्कृति र मानवीय सम्बन्धको पक्ष स्पष्ट भएको छ।

हिमाली पर्यावरण चिसो छ। उक्त चिसो छल्नको लागि आरोहण दलका सदस्य, गाइड र भरियाहरू भोटे चियाको स्वादमा रमाउँछन् भन्ने सन्दर्भलाई पनि उपन्यासमा सजीव रूपमा चित्रण गरिएको छ। हिमाली पर्यावरण र त्यसबाट बच्नको लागि मानिसहरूले अपनाउने जीवनशैली एवं जातिगत पहिचान र मानवीय सम्बन्धको कुरालाई पनि उपन्यासमा समेटिएको छ। हिमाल आरोहणका क्रममा विभिन्न किसिमका प्राकृतिक विपत्तिहरू देखा पर्न सक्ने सम्भावना र चुनौतीलाई पनि उपन्यासमा यथार्थ रूपमा प्रस्तुत गरिएको छ। सगरमाथाको आधार शिविर र त्यस वरपरका क्षैंत्रमा टेन्ट टाँगेर बस्ने भरिया र आरोहण दलका सदस्य एवं गाइडहरूमा एक आपसमा सहयोग र मित्रताको भाव हुने कुरालाई उपन्यासमा मानवीय सम्बन्धको रूपमा चित्रण गरिएको छ। साथै आफ्ना अनुभवहरू साटासाट गर्ने संस्कृतिलाई पनि उपन्यासमा यसरी प्रस्तुत गरिएको छ।

"सगरमाथा चढ्नु हाम्रो पेशा हो के भन्ने ......।" पाँचपल्ट सगरमाथा चढिसकेको गाइडले आफ्नो अनुभव भन्छ। उसले बुझ्नुपर्ने कुरा बुझ्छ। हिमाल चढ्नुको अनुभव मान्छेपिच्छे फरक फरक हुन्छ। कसैका लागि हिमाल चढ्नु पेशा बन्छ भने कसैका लागि उद्देश्य (चुली, पृ. ६)।

यस साक्ष्यले हिमाल आरोहणको लक्ष्य सबैको एउटै नहुने र मानिस अनुसार फरक फरक हुने कुरालाई स्पष्ट पारेको छ। यहाँ भरियाहरूको लागि हिमाल आरोहण पेशागत बाध्यता हो भने आरोहीहरूका लागि रहर र उद्देश्य पनि हो भन्ने कुरालाई प्रस्तुत गरिएको छ।

यस उपन्यासको नायक अर्थात् ऊ पात्र अदम्य शाहसका साथ हिमाल आरोहणमा निस्केको छ। उसले कसैको सहयोग विना नै हिमालको चुली टेक्ने अठोट गरेको छ। उसले हरेक प्रकारका प्राकृतिक विपत्तिको सहज सामना गरेको छ। उसको यस्तो व्यवहारबाट प्रभावित भएर एउटी युवतीले उसलाई एक्लै हिमाल आरोहरण नगर्न आग्रह गरी मानवीय सम्बन्धलाई यसरी व्यक्त गरेकी छ :

"हेर्नुहोस् महासय, तपाईले चट्टान चढेको देख्दा तपाई एक दक्ष र अनुशासित आरोही हुनुहुन्छ भन्ने कुरा थाहा हुन्छ तर पनि एक्लै हिमाल चढ्नु हुँदैन। एकपल्ट सोच्नुहोला है ....... म अनुरोध गर्छु .......... प्लिज ........." (चुली, पृ. १२)।

माथिको साक्ष्यमा हिमाल आरोहणमा एक्लै निस्केको यस उपन्यासको नायक अर्थात् ऊ पात्रको हिमाल आरोहण

सम्बन्धी अभ्यस्त र अनुभवी व्यवहारबाट प्रभावित अन्य आरोहण दलकी सदस्य युवतीले उसलाई एक्लै हिमाल नचढ्नको लागि गरेको आग्रह र मानवीय सम्बन्धलाई प्रस्तुत गरिएको छ । उपन्यासमा हिमाल आरोहण गर्ने मानिसहरूको व्यवहार र मानवीय सम्बन्धका आधारहरू स्पष्ट रूपमा आएका छन् । हिमाली संस्कृति र पर्यावरण, आरोही, भरिया र गाईडहरूको सहयोगी व्यवहार र मानवीय भावना एवं चाहना पनि यस उपन्यासमा जीवन्त रूपमा प्रस्तुत गरिएको छ।

उपन्यासको नायक अर्थात् ऊ पात्रले हिमाल आरोहणका क्रममा भोलेका दुःख, प्राप्त गरेका अनुभव र सहयोगबाट पनि मानवीय सम्बन्धको उच्चता प्रकट भएको देखिन्छ। उसले हिमालबाट झर्ने क्रममा एउटा शव देखेको थियो। त्यस शवलाई देखेपछि उसको मनमा उत्पन्न विचार एवं मानवीय भावनालाई उपन्यासमा यसरी व्यक्त गरिएको छ :

ऊ मनमनै भन्छ – बन्धु ; तिमी सगरमाथा चुली टेकेर शवमा परिणत भयौ कि चढाइकै क्रममा कुनै दुर्घटना, थकाइ र चिसोले शवमा परिणत भयौ म जान्दिन, तर हेर म सगरमाथाको चुली टेकेर फर्कँदै छु। मैले मेरो नाममा मात्र होइन पुरै इतिहासको नाममा, पुरै सभ्यताको नाममा, पुरै मानवताको नाममा चुली टेकेँ। यो मेरो मात्र होइन तिम्रो पनि विजय हो, सफलता हो। त्यसैले म तिमीलाई हार्दिक बधाई दिन्छु (चुली, पृ. ४४)।

यहाँ उपन्यासको प्रमुख नायक अर्थात् ऊ पात्रले आफू हिमालको चुली टेकेर फर्कँदै गर्दा बाटोमा एउटा आरोहीको शव देखेपछि उसप्रति उच्च मानवीय भावना प्रकट गरेको छ । साथै आफ्नो हिमाल आरोहणको सफलता केवल आफ्नो मात्र नभएर इतिहास, सभ्यता र मानवताको सफलता हो भन्दै मृत आरोहीलाई हार्दिक बधाई ज्ञापन गरेको छ। यसबाट हिमाली संस्कृति, पर्यावरण र मानवीय सम्बन्धको कुरा स्पष्ट भएको छ।

यसरी चुली उपन्यासमा हिमाली सभ्यता, संस्कृति, इतिहास, जीवनशैली, परम्परा, धार्मिक आस्था, रहनसहन, जाति पेशा जस्ता विविध कुराहरूको माध्यमबाट सांस्कृतिक पर्यावरण एवं आरोही दलका सदस्य, भरिया, गाईड एवं स्थानीय बासीको व्यवहारबाट उच्च मानवीय भावना र सम्बन्धको कुरा प्रस्तुत गरिएको छ । अतः यो उपन्यास संस्कृति र मानव सम्बन्धका दृष्टिले उपयुक्त खालको छ।

## निष्कर्ष

चुली उपन्यासका रचनाकार सरुभक्त श्रेष्ठ हुन् । यसमा विश्वको सर्वोच्च शिखर सगरमाथा र सगरमाथा आरोहीको अनुभवलाई उपन्यासको मुख्य विषय बनाइएको छ। यसमा हिमाली सौन्दर्यका रुपमा हिमालको निश्छल र अटल स्वरुप संस्कृतिका रुपमा हिमाल आरोहीहरु एवम् हिमाली आदिवासी भोटे र शेर्पा जातिको परम्परा, पर्यावरणका रुपमा हिमाली क्षेत्रको हावापानी एवम् भौगोलिक वातावरण मानवीय सम्बन्धका रुपमा आरोही दलका सदस्य र भरियाहरुको आत्मीय व्यवहार जस्ता कुराहरुलाई प्रस्तुत गरिएको छ। साथै पर्यावरण र मानवीय सम्बन्धको विषयमा पनि चर्चा गरिएको छ।

पर्यावरणीय समालोचन उत्तरआधुनिक युगमा विकसित कृति विश्लेषणको एउटा महत्त्वपूर्ण आधार हो। यो विज्ञान, संस्कृति, साहित्य र प्रकृतिजस्ता भिन्न विषयहरूमा आधारित भएकाले यसलाई अन्तर्विषयक समालोचना पनि भनिन्छ । पर्यावरणीय समालोचनाका विभिन्न आधारहरू मध्ये संस्कृति र मानवसम्बन्ध पनि महत्त्वपूर्ण पक्ष हुन्। अतः यस अध्ययनमा पर्यावरणीय दृष्टिकोणबाट उपन्यासकार सरुभक्तद्वारा लिखित चुली उपन्यासमा प्रयुक्त हिमाली संस्कृति र मानव सम्बन्धको खोजी गरिएको छ । यसरी हेर्दा चुली उपन्यासमा ऊ पात्रको केन्द्रीयतामा रहेर विश्वको सर्वोच्च शिखर सगरमाथाको हिमाली सौन्दर्य र पर्यावरण एवं हिम संस्कृति र पर्यटन संस्कृतिको विषयमा सूक्ष्म वर्णन गरिएको पाइन्छ। यसमा हिमाली क्षेत्रमा बसोबास गर्ने शेर्पा र भोटे जातिका मानिसहरुको जातीय पहिचानका रुपमा धार्मिक आस्था, सामाजिक व्यवहार, रहनसहन, खानपान, पेशा र जीवनशैलीको विषयमा समेत उपन्यासमा चर्चा गरिएको छ।

हिमाल आरोहणमा आउने मानिसहरू, भरिया, गाइड र उनीहरुको पेशा, रहनसहन र जीवनशैलीको विषयमा स्पष्ट पारिएको छ । त्यस्तै धार्मिक आस्थाका रुपमा बौद्धधर्म सम्बन्धी मान्यता र प्राकृतिक देवत्वका रुपमा हिमाललाई देवता मानेर पुज्ने प्रचलनलाई पनि उपन्यासमा सांस्कृतिक महत्वका दृष्टिले प्रस्तुत गरिएको छ। सगरमाथाको आधार शिविरमा साँच्चिकै मेला लागेको जस्तै अनुभूति हुन्छ भन्ने

ऊ पात्रको अभिव्यक्तिले त्यहाँको वातावरण एवं पर्यावरणीय सौन्दर्यलाई चित्रण गरेको छ । यस उपन्यासमा मानवीय सम्बन्धका पक्षहरू पनि धेरै आएका छन् । एउटा आरोहण दलका सदस्यहरूले अर्को आरोहण दलका सदस्यहरूप्रति हार्दिकता व्यक्त गर्नु, सहयोग गर्नु, सफलताको कामना गर्नु जस्ता व्यवहारले उपन्यासमा मानवीय सम्बन्ध झल्किएको कुरा स्पष्ट हुन्छ । साथै ऊ पात्रको आरोहणको सफलताको लागि भरियाहरूले चोमोलोङ्माकी देवीको प्रार्थना गर्नु, ऊ पात्रले मृत मानिसको शरीरप्रति मानवताको भाव प्रकट गर्नु जस्ता कुराहरू पनि यस उपन्यासमा मानव सम्बन्धको विषयका रूपमा आएका छन् । अतः यो उपन्यास पर्यावरणीय संस्कृतिको अध्ययनका दृष्टिले उपयुक्त खालको रहेको छ ।

## सन्दर्भ सामग्रीहरू


उप्रेती, सञ्जीव (२०६८), सिद्धान्तका कुरा, काठमाडौं : अक्षर क्रिएसन ।

एटम, नेत्र (२०६१), समालोचनाको स्वरूप, ललितपुर : साझा प्रकाशन ।

कुप, लरेन्स (२०००), दी ग्रिन स्टडिज रिडर फ्रम रोमान्टिसिजम टु इकोक्रिटिसिजम, लण्डन : रोटलेज पब्लिकेशन ।

केरिज, रिचार्ड (२००६), इन्भारमेन्टालिजम एन्ड इकोक्रिटिसिजम लिटेररी, लण्डन : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

ग्लोटफेल्टी, चेरिल (१९९६), एन्ड ह्यारोल्ड फ्रोम (सम्पा.), दी इकोक्रिटिसिजम रिडर : ल्यान्डमार्क्स इन लिटरेरी इकोलोजी, न्यूयोर्क : रोटलेज ।

गौतम, कृष्ण (२०६४), उत्तरआधुनिक जिज्ञासा, काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

गौतम, कृष्ण (२०६७), उत्तरआधुनिक संवाद, काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन ।

गौतम, लक्ष्मणप्रसाद (२०६८), उत्तरवर्ती नेपाली समालोचनाः केही प्रतिरूप, काठमाडौं : पैरवी प्रकाशन ।

जोशी, कुमारबहादुर (२०५३), लक्ष्मीप्रसाद देवकोटाका कवितामा प्रकृति चित्रण, काठमाडौं : सरस्वती प्रकाशन ।

दीक्षित, मदनमणि (२०७०), ऋग्वेदमा समवेत पर्यावरण, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

बुएल, लरेन्स (१९९५), दी इन्भारमेन्टल इम्याजिनेसन : थोरो नेचर राइटिङ एन्ड दी फर्मेसन अफ अमेरिकन कल्चर, क्याममब्रिज : हार्बर्ड युनिभर्सिटी प्रेस ।

भट्टराई, गोविन्दराज (२०६१), आख्यानको उत्तरआधुनिक पर्यावलोकन, काठमाडौं : रत्न पुस्तक भण्डार ।

भट्टराई, गोविन्दराज (२०६४), उत्तरआधुनिक विमर्श, काठमाडौं : ओरिएन्टल पब्लिकेशन हाउस ।

भट्टराई, रमेशप्रसाद (२०७०), समय सौन्दर्य, पर्यावरण र कविता, काठमाडौं : विवेक सिर्जनशील प्रा.लि. ।

मर्फी, डि. प्याट्रिक (२००६), इकोक्रिटिकल एक्स्प्लोरेसन इन लिटरेरी एन्ड कल्चरल स्टडिज, न्यूयोर्क : अक्सफोर्ड युनिभर्सिटी ।

मन्नर, एन्ड्रिउ एन्ड जेफ, ब्रोबिङ (२००३), कन्टेम्पोररी कल्चर थेवरी, न्यू डिल्ली : राउत पब्लिकेसन ।

शर्मा, मोहनराज (२०५५), सामकालीन समालोचना : सिद्धान्त र प्रयोग, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६२), पूर्वीय र पाश्चत्य साहित्य सिद्धान्त, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६२), शोधविधि, (ते.सं.), ललितपुर : साझा प्रकाशन ।

सरुभक्त (२०६०), चुली, ललितपुर : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र र गौतम, लक्ष्मणप्रसाद (२०६८), रत्न बृहत् नेपाली समालोचना, काठमाडौं : रत्न पुस्तक भण्डार ।